# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३६ ) काठमाडौं, पुस १ गते २०४३ साल ( अतिरिक्ताङ्क ३६

भाग १

# शाही सम्बोधन

## श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

## राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट २०४३ साल पुष १ गते श्री ५ महेन्द्र जयन्ती तथा संविधान दिवस र दलविहीन प्रजातान्त्रिक पञ्चायत व्यवस्थाको रजत जयन्तीको शुभ उपलक्ष्यमा आयोजित समारोहमा बक्सेको सम्बोधन ।

उपस्थित महिला तथा सज्जनवृन्द,

१. आज हामी श्री ५ महेन्द्र जयन्ती तथा संविधान दिवस मनाउन यहाँ भेला भएका छौं । यस अवसरमा सर्वप्रथम पञ्चायत व्यवस्थाका प्रवर्तक हाम्रा स्वर्गीय पूज्य बुवाज्यू श्री ५ महेन्द्रप्रति श्रद्धाञ्जली अर्पण गर्दछौं ।

२. पञ्चायत व्यवस्थाले आफ्नो पच्चीस वर्ष पार गरी रजत जयन्ती मनाई रहेको अवसरमा आयोजित आजको यस समारोहलाई सम्बोधन गर्न पाउँदा हामीलाई खुशी लागेको छ । बिगत पच्चीस वर्षमा पञ्चायत व्यवस्थाले मुलुकभित्र शान्ति र स्थिरता कायम राख्दै सामाजिक र आर्थिक क्षेत्रमा के कस्ता उपलब्धिहरू हासिल गर्नसक्यो भन्ने कुरा नेपाली जनताको सामु छँदैछ । यस व्यवस्थाका विभिन्न देनहरूलाई बुझेर नै विक्रम सम्बत् २०३७ सालमा भएको राष्ट्रिय जनमत संग्रहमा नेपाली जनताले बहुमतद्वारा यही दलविहीन व्यवस्थालाई रोजेको कुरा पनि स्पष्ट छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. वास्तवमा नेपाली समाजको बनोट, परम्परा र भू-राजनैतिक अवस्था आदिलाई समष्टिरूपमा दृष्टिगत गरिबक्सेर नै हाम्रा प्रातः स्मरणीय पूज्य बुवाज्यू श्री ५ महेन्द्रबाट पञ्चायत व्यवस्थाको सूत्रपात गरिबक्सेको थियो । यस क्रममा देशवासीलाई नेपालको संविधान बक्सँदै मौसूफबाट यसप्रकार हुकुम भएको थियो–

"पञ्चायती व्यवस्थाबाट शासनको प्रत्येक स्तरमा जनतालाई सम्मिलित गराएर तह तहमा अधिकारको प्रत्यायोजन गरी एउटा विकेन्द्रित शासन पद्धतिको स्थापना हुनेछ । . . . . . . . . . फलस्वरूप देशमा एउटा जागरूक चेतनायुक्त र आफ्नो उत्तरदायित्वको अनुभव गर्ने समाजको स्थापना हुनेछ र यसप्रकार यो संविधान नेपाल र नेपालीहरूको दृढ एकता तथा सर्वोत्तम हित र सर्वतोमुखी प्रगतिको एक बलियो आधार बन्न जानेछ भन्ने हाम्रो अटल विश्वास छ ।"

४. विगत पच्चीस वर्षको अवधिमा हाम्रो देशमा जे जति विकासका कार्यहरू सञ्चालन गरिए त्यसबाट बुवाज्यूबाट परिकल्पना गरिबक्सेको सुदृढ तथा उन्नतशील नेपालको निर्माणको बाटोमा हामी अग्रसर हुँदैछौं भन्ने कुरा स्पष्ट भएको छ । तर मौसूफको सपना साकार तुल्याउन हामीले अझ निक्कै लामो यात्रा पार गर्नु बाँकी नै छ । यसै सन्दर्भमा सो तथ्यलाई दृष्टिगत गरेर नै सन् २००० सम्ममा आधारभूत आवश्यकताका वस्तुहरूको आपूर्ति हुनसक्ने व्यवस्था मिलाई आफ्नै मिहिनेत र पसिनाबाट प्रत्येक नेपालीलाई यी आवश्यकताहरू पूरा गर्न सक्ने तुल्याउन मेरो सरकारले एउटा कार्यक्रमको रूपरेखा तैयार गरिसकेको छ । आर्थिक रूपले पछि पर्न गएका देशवासीको स्थितिमा सुधार ल्याउन हाम्रो समाजकै अभिन्न अङ्गको रूपमा रहेका उच्च एवम् मध्यम वर्गको पनि आधारभूत आवश्यकताहरू आपूर्ति गर्न उत्पादनशील उद्योगमा लगानी बढाएर सघाउ पुऱ्याउने दायित्व रहेको छ भन्ने कुरा हामीले बिर्सनु हुँदैन । जनताको सक्रिय सहभागिताविना यसप्रकारको बृहत् उद्देश्य हासिल गर्न नसकिने भएकोले हामीले विकेन्द्रीकरणको कार्यक्रममा जोड दिँदै आएका छौं । यस शताब्दीको अन्त हुन अब १४ वर्ष मात्र बाँकी छ । तसर्थ अब बाँकी भएको समयको सदुपयोग गरी यस दिशामा सम्पूर्ण नेपाली जनता जहाँसुकै र जुनसुकै तहमा रहे बसे पनि यस राष्ट्रिय सङ्कल्प पूरा गर्नेतर्फ समर्पित भै अग्रसर हुनु आवश्यक छ ।

५. हाम्रो आन्तरिक विकासको निम्ति वाह्य वातावरण पनि अनुकूल हुनु आवश्यक भएकोले हामीले अन्तर्राष्ट्रिय क्षेत्रमा पनि सक्रिय भूमिका खेल्दै आएका छौं । विगत पच्चीस वर्षमा बाहिरी जगत्मा विभिन्न किसिमको उथलपुथल तथा होडबाजीहरू देखिएको भए तापनि शान्तिप्रतिको नेपालको आकांक्षालाई हृदयङ्गम गरी शान्ति क्षेत्रको हाम्रो प्रस्तावलाई आज संसारका धेरै मुलुकहरूले मान्यता दिइसकेका छन् । यसै अवधिमा खासगरी हाम्रा छिमेकी मित्रराष्ट्रहरूसित बढ्दो समझदारी तथा सहयोगको



५६२
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भावना रही आएको छ । गत वर्षदेखि औपचारिक रूपले गठन भएको दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठनको सचिवालय हाम्रो मुलुकमा स्थापना गर्ने हालैको निर्णय हामी नेपालीका लागि सन्तोषको विषय भएको छ । अर्को वर्ष यसको शिखर सम्मेलन नेपालमा हुने भएकोले यसका लागि आवश्यक व्यवस्था र तैयारी गर्ने काममा पनि सम्बन्धित सबैले बेलैमा राम्रो ध्यान पुऱ्याउन सक्नु परेको छ । यस काममा सदा झैं सबै नेपालीले आ-आफ्नो ठाउँबाट सक्दो सहयोग पुऱ्याउने नै छन् भन्ने कुरामा हामी विश्वस्त छौं ।

६. यसप्रकारको आन्तरिक तथा वाह्य वातावरणबाट अधिकतम फाइदा उठाउन हामीले हाम्रा विकासका प्रयासहरूमा तीब्रता ल्याउनु आवश्यक छ । हामीले विगत पच्चीस वर्षमा गर्दै आएको प्रजातन्त्रको अभ्यास अनुरूप मेरो सरकार सधैं नै जनता-प्रतिको आफ्नो जिम्मेदारीप्रति जागरूक भइरहनु पर्दछ । यसै क्रममा सन् २००० सम्ममा गर्नुपर्ने कार्यक्रमहरूको अविरलरूपले अनुगमन गर्दै त्यसको प्रतिवेदन हाम्रो राष्ट्रिय पञ्चायतको प्रत्येक अधिवेशनमा पेश गर्न आज यसै सम्बोधनद्वारा राष्ट्रिय विकास परि-षद्मा प्रतिनिधित्व गर्ने राष्ट्रिय पञ्चायतका सदस्यहरूलाई अह्राई बक्सेका छौं । देशका सम्पूर्ण जनताको हितलाई प्रतिनिधित्व गर्ने राष्ट्रिय पञ्चायतका सदस्यहरू जनताप्रतिको यस गहन जिम्मेवारी वहन गर्न सक्षम हुनेछन् भन्ने हामीले आशा राखेका छौं । यस कार्य-लाई सम्पादन गर्न आवश्यक अन्य व्यवस्थाहरू मिलाइनेछ । गत साल हामीले व्यक्त गरे झैं यो उद्देश्य जतिसुकै कठिन भए तापनि यसलाई हासिल गर्ने सिवाय हाम्रो सामु अर्को विकल्प नभएको कुरा हामी पुनः दोहऱ्याउन चाहन्छौं र यो अठोटलाई पूरा गरी छोड्न सम्पूर्ण देशवासीहरूको क्रियाशील सहयोगको निम्ति आह्वान गर्दछौं ।

७. अन्तमा, हाम्रो देश एक मात्र हिन्दू अधिराज्य रही आएकोले आजको दिनमा श्री पशुपतिनाथको मन्दिरलाई योजनाबद्ध ढङ्गले सुरक्षा गर्दै पाशुपत क्षेत्रको सम्भार तथा विकासका लागि पशुपति क्षेत्र विकास कोष खडा गर्ने हामीबाट निधो गरिबक्सेको कुरा पनि यहाँ सबैलाई जानकारी गराउन चाहन्छौं ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून् ।

जय नेपाल !

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

५८८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।